"नेपाल बार एशोसिएशनको अभियान: नेपालको संविधानको कार्यान्वयन"

# नेपाल बार एशोसिएशनको ४४ औं कार्यकारिणी परिषद्

## तथा

# वार्षिक साधारण सभाको

## पोखरा, घोषणा-पत्र २०७४

नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखी नै मानव अधिकार, कानूनको शासन, स्वतन्त्र न्यायपालिका लोकतन्त्रको पक्षमा निर्वाह गर्दै आएको ऐतिहाँसिक भूमिकालाई आत्मसात गर्दै,

नेपालको संविधान द्वारा व्यवस्था गरिएका मानव अधिकार, स्वतन्त्र न्यायपालिका, वालिग मताधिकार, लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, संघियता कानुनी शासन र समावेशीता लगायतका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्न र संवैधानिक व्यवस्था वमोजिम तिनै तहको निर्वाचन २०७४ साल माघ ७ गते भित्र सम्पन्न गर्न गराउन र लोकतन्त्रको प्रत्याभूति दिलाउन नेपाल बार एशोसिएशनको यो साधारण सभा १४ वुँदे घोषणा पत्र जारी गर्दछ ।

१ नेपाली जनताले ऐतिहाँसिक संविधानसभामार्फत निर्माण गरेको संविधानको प्रभावकारी कार्यान्वयनमा जोड्दिदै संविधान कार्यान्वयनको महत्वपूर्ण अंगकोरुपमा रहेको तिन तह(संघ, प्रदेश र स्थानीय) को निर्वाचन संविधानमा तोकिएकै मिति अर्थात २०७४ साल माघ ७ गते भित्र सम्पन्न गर्नका लागि नेपाल सरकार र संवन्धित सवै सरोकारवालासंग यो सभा जोड्दार माग गर्दछ ।

२. नेपाल सरकारद्धारा स्थानिय तहको निर्वाचनको लागि मिति २०७४ वैशाख ३१ गतेको लागि तोकिएको सन्दर्भमा असन्तुष्ट पक्षहरुका मागलाई वार्ता र संवादको माध्यमबाट यथासम्भव सम्वोधन गर्दै तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न यो वैठक नेपाल सरकारसंग जोड्दार माग गर्दछ । असन्तुष्ट पक्षहरुलाई पनि आफ्ना मागहरुलाई वार्ता र सम्बादको माध्यमबाट निकास निकाली लोकतन्त्रको आधार स्थम्भको रुपमा रहेको स्थानिय तहको निर्वाचनमा सहभागीहुन यो वैठक आव्हान गर्दछ ।

३. संविधानको भावना र मर्म बमोजिम यथासिघ्र सर्वोच्च अदालतमा सम्वैधानिक इजलासको गठन गर्न यो सभा जोडदार माग गर्दछ ।

४. अदालतको रिट क्षेत्राधिकार अन्तरगतको सुनुवाईमा अन्तरिम आदेशमा संलग्न माननीय न्यायाधिशहरुले सोही मुद्धाको अन्तिम सुनुवाई गर्ने वा नगर्ने सम्बन्धमा स्वच्छ सुनुवाईको मान्यता अनुरुप निश्चित विधि तय गरी एक रुपता कायम गर्न यो सभा ध्यानाकर्षण गर्दछ ।

५. मुलुकी ऐन अदालती बन्दोवस्तको १९४ नं र सर्वोच्च अदालत नियमावली २०४९ को नियम २५(११) बमोजिम दिईदै आएको सुविधाबाट बञ्चित हुनेगरी, सम्मानीत सर्वोच्च अदालतबाट भएका फैसलाहरुलाई नागरिकको व्यक्तिगत स्वतन्त्रता, निर्दोषिताको अनुमानको सिद्धान्त र फैसला अन्तिम नभई कार्यान्वन नहुने सिद्धान्तलाई मध्यनजरगरी, उक्त फैसलालाई सो भन्दा

वृहत इजलासबाट विधीसम्मत तरिकाले पूर्नविचार गर्न सर्वोच्च अदालत समक्ष यो सभा माग गर्दछ ।

६. व्यवस्थापिका संसदमा विचाराधिन रहेको देवानी तथा फौज्दारी संहिता संग सम्बन्धीत ५ वटै विधेयक यथासिघ्र पारित गरी लागू गर्न व्यवस्थापिका संसद, नेपाल सरकार लगायत सम्बन्धीत सवै निकाय संग यो सभा माग गर्दछ ।

७. मातहत अदालतहरुबाट रिट निवेदन उपर भएको फैसला वा आदेशहरु माथिल्लो तहमा पुनरावेदन नलाग्ने भनि सर्वोच्च अदालतबाट हालै भएको व्याख्याले पुनरावेदनको अधिकारलाई कुण्ठित गरेको महसुस भएकाले कानूनको संसोधन वा वृहत पुर्णइजलास मार्फत पुर्नविचार गरी पुनरावेदनको अधिकारलाई सुनिश्चित गर्न यो सभा सम्बन्धीत निकायको ध्यानाकर्षण गराउँदछ ।

८. स्वतन्त्र न्यायपालिकाको मर्म र भावनाका विरुद्धमा अदालत भित्र र वाहिरबाट हुने हस्तक्षेप प्रति यो वैठकको गंभिर ध्यानार्कषण भएको छ । यस प्रकारको हस्तक्षपलाई रोक्नाका लागि प्रभावकारी भूमिका निर्वाह गर्न यो वैठक नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

९ देश संघिय संरचनाको ढाँचामा रुपान्तरित भएको सन्दर्भमा कानून व्यवसायीको क्षेत्र विस्तारलाई दृटिगत गरी तथा कानून व्यवसायीको क्षमताअभिवृद्धि गर्ने सम्बन्धमा प्रभावकारी कार्यक्रम वनाई लागू गर्न यो सभा नेवाएलाई निर्देश गर्दछ ।

१०. न्यायपरिषद्बाट न्यायाधीशको नियुक्ती गर्दा कानून व्यवसायीहरुको उचित प्रतिनिधित्व हुन नसकेको र समावेशीताको सिद्धान्त अनूरुप हुन नसकेको महसुस गर्दै आगामी दिनहरुमा हुने न्यायाधीश नियुक्तीमा कानून व्यवसायी हरुको उचित प्रतिनिधित्व र समावेशीता समेतमा विशेष ध्यान दिन यों वैठक न्यायपरिषद्को गंभीर ध्यानाकर्षण गराउँदछ ।

११. सर्वोच्च अदालतबाट वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्दा कानूनी व्यवस्था वमोजिम १५ वर्ष निरन्तर कानून व्यवसाय गरी पेशाको उच्च मर्यादाराखी अदालत र समाजलाई सहयोग गरेका योग्य र क्षमतावान कानून व्यवसायीलाई प्रत्येक वर्ष वरिष्ठ अधिवक्ताको उपाधी प्रदान गर्ने व्यवस्था गरी लागू गर्न यो वैठक सर्वोच्च अदालत फुलकोर्टको ध्यानाकर्षण गराउँदछ ।

१२. नेवाए र सर्वोच्च अदालत तथा कानून व्यवसायी समन्वय समिति विच भएको सहमती, सम्झौताहरुलाई अविलम्व पूर्ण परिपालना गर्न गराउन यो सभा नेवाए संग जोडदार माग गर्दछ

१३. राजनैतिक दल वा समूहबाट शान्तिपूर्ण रुपमा हुने सभा सम्मेलनहरुमा हस्तक्षेप नगर्न यो सभा नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

१४. न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३)(ग) र दफा ९ मा दण्ड र विगोको आधारमा पुनरावेदकीय अधिकार संकुचित गरिएकोले सो व्यवस्थालाई परिमार्जन गरी पुनरावेदन गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकार तथा व्यवस्थापिका संसद समक्ष यो सभा माग गर्दछ ।